# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

मिति : २०८१।०३।०४

पत्र संख्याः ............
च.नं.:...............

## सूचना

**नेपाल ल क्याम्पसको ७० औं वार्षिकोत्सव कार्यक्रम**

**अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी आन्तरिक अभ्यास अदालत प्रतियोगिता, २०८१**

यस क्याम्पसको ७० औं वार्षिकोत्सवको अवसरमा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी आन्तरिक अभ्यास अदालत प्रतियोगिता-२०८१ को आयोजना गर्न गईरहेको हुँदा यस क्याम्पसको एल.एल.बी. र बी.ए.एलएल.बी तहमा अध्ययनरत विद्यार्थीहरु विच हुने उक्त प्रतियोगितामा सहभागिता जनाउनको लागि तपसिलमा उल्लेखित नियमहरुको अधिनमा रही नेपाल ल क्याम्पस मुट कोर्ट कमिटीको आधिकारिक फेसबुक र ईन्सटाग्राम पेजमा राखिने Google Form मार्फत दर्ता गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रतियोगिताको मिति प्राविधिक कारणले पूर्व प्रकाशित मितिको सट्टा असार १३, १४ र १५ गतेका लागि तय गरिएको छ। मुद्दाको तथ्य नेपाल ल क्याम्पस मुट कोर्ट कमिटीको आधिकारिक फेसबुक र ईन्सटाग्राम पेजमा राखिने Google Form र Google Drive Link बाट डाउनलोड गर्न सकिनेछ।

तपसिल:

| | |
|---|---|
| अभिमुखिकरण | असार ४, ५ र ६ गते |
| समूह दर्ता गर्ने अन्तिम मिति | असार ६ गते |
| वहसनोट वुझाउने मिति | असार १२ गते अपरान्ह २ बजे सम्म |
| प्रतियोगिताको मिति | असार १३, १४ र १५ गते |

.................................
तेजमान श्रेष्ठ
सहायक क्याम्पस प्रमुख

सहायक क्याम्पस प्रमुख



Scanned with CamScanner

## नेपाल ल क्याम्पसको ७० औं वार्षिकोत्सव कार्यक्रममा आयोजित अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धि विषयकै मुटकोर्ट प्रतियोगिताका लागि निर्धारित

### मुद्दाको तथ्य

म निवेदक चौध वर्षिय दृष्टी विहिन किशोरी हुँ । म हाल वोधी पब्लिक स्कुल (BPS) मा कक्षा आठमा अध्ययनरत छु । यो स्कुल सर्लाही जिल्ला फुलजोर गाउपालिका वडा नं ३ मा २०४१ साल देखि संचालन भई आएको छ । मेरो कक्षामा म जस्तै ७ जना दृष्टि विहिन विद्यार्थीहरु अध्ययन गर्दछौं । मेरो परिवारमा मेरी आमा रिमा मात्र हुनुहुन्छ । वहा पनि दृष्टिविहिन नै हुनुहुन्छ तथापी मेरी आमाले एक्लै मलाई पालन पोषण गर्ने र शिक्षा दिक्षा मा हुने खर्चको व्यवस्था गरिआउनु भएको छ । आमाको कुनै पेशा व्यवसाय नरहेकोले हाम्रो जीवन धान्ने आधार भनेको आमाले नेपाल सरकारवाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता हो र त्यस अतिरिक्त विश्वव्यापी रुपमा मानव अधिकार सुनिश्चित गर्न काम गरि रहेको गैरसरकारी संस्था नेपाल अपाङ्ग महिला संघ र कोशिश ले समय समयमा दिने गरेको आर्थिक सहयोग रहेको छ । म निवेदकले वोधि पब्लिक स्कुलमा भर्ना हुँदा 'नेपाल अपाङ्ग महिला संघ र कोसिस'ले पनि महत्वपूर्ण सहयोग गरेको थियो ।

BPS मा पठन पाठन राम्रो रहेकोले यस स्कुलमा विद्यार्थी संख्या पनि अत्यधिक रहेको र स्कुलमा नयाँ प्रविधी र समसामायिक शिक्षण विधिको प्रयोगवाट अध्यापन गरिने भएकोले Basic Level Examination (BLE) र Secondary Education Examination (SEE) को परिक्षामा जिल्ला भरिमा नै राम्रो नतिजा ल्याउन सफल हुँदै गएकोले विद्यार्थी तथा अभिभावकहरुका लागि आकर्षणको केन्द्र वन्दै गइरहेकोले स्कुलमा भर्ना पाउन समेत निक्कै प्रतिस्पर्धा गर्नु पर्ने भएको छ । त्यसैले वोधी पब्लिक स्कुल ले विद्यार्थी भर्ना लिदा नेपालको प्रचलित नियम कानुन वमोजिम संरक्षित समुहका विद्यार्थीहरुका लागि कोटा समेत छुट्याएको छ । BPS मा केही मात्रामा नयाँ प्रविधी र आधुनिक शिक्षण विधी वाट पठन पाठन हुने भएता पनि दृष्टि विहिनहरुको पठन पाठनमा प्रभावकारी वन्न सक्ने ब्रेल लिपीमा लेखिएका किताबहरु पाठ्यक्रममा समावेश भने नगरिएको हुँदा म र म जस्ता दृष्टि विहिन विद्यार्थीहरुका लागि ब्रेल लिपीमा लेखिएका पुस्तकहरुलाई पनि पाठ्यक्रममा समावेश गर्नका लागि स्कुलका शिक्षक तथा प्रशासन समक्ष पटक पटक अनुरोध गरि आएको भएता पनि त्यसतर्फ सुनुवाई गरि आवश्यक व्यवस्था गरिएको छैन र त्यस विषयमा कतिपय शिक्षकले त यस अनुरोधलाई अनादर हुने किशिमले "तिमी जस्ता दृष्टी विहिनहरुले निशुल्क रुपमा आफूभन्दा धेरै योग्य विद्यार्थीहरुसँग पढ्न पाएकै छौ र सरकारले पनि सहयोग गरेकै छ यस कुरामा गुण मान्नु पर्नेमा उल्टै थप कुराको माग गर्ने" ? भन्ने अभिव्यक्ति समेत दिएका छन् ।

म एक दृष्टी विहिन भएपनि आफ्नो अध्ययन प्रति सचेत रही प्राप्त हुन सक्ने युट्युब, भिडियो तथा अन्य अनलाइन स्रोतहरुवाट सिक्ने प्रयास गरी २०८० सालको असोजमा स्कुलले संचालन गरेको BLE को परिक्षा दिएको थिए तर म जस्ता दृष्टिविहिन विद्यार्थीहरुका लागि आवश्यक पाठ्य सामाग्री यथेष्ट मात्रामा उपलब्ध हुन नसकेकोले म लगायत अन्य केही दृष्टि विहिन विद्यार्थी उक्त परिक्षामा अनुतिर्ण भएका छौं । दृष्टि विहिन विद्यार्थीहरुका लागि आवश्यक पाठ्य सामाग्रीको अभावमा म अध्ययनरत स्कुलको शैक्षिक गुणस्तरमा समेत वर्षेनी ह्रास हुँदै गएको छ । म अध्ययनरत BPS ले शैक्षिक गुणस्तरमा वर्षेनी ह्रास हुँदै गएकोमा सुधार ल्याउन म जस्ता दृष्टिविहिन विद्यार्थीहरुका लागि पाठ्यपुस्तकहरुलाई स्क्यान गरी पि.डि.एफ. फायल वनाई अनलाईन वितरण गर्नुका साथै ब्रेल पुस्तकहरु पनि खरिद गरि राख्नुका साथै विद्यार्थीहरुलाई विद्युतीय प्रति ल्यापटप, मोवाइल फोन

त्रिभुवन विश्वविद्यालय

आदिमा पठाउने गर्न लागेपछि केही परमपरावादी शिक्षकहरुले त्यस कार्यको विरोध गर्दै "विद्यार्थीहरुले आफै नोट बनाउने र मेहनत गर्न छाडि सकेको अवस्थामा स्कुलले नै अनलाइन तथा डिजिटल नोट पठाइदिदा विद्यार्थीहरु झन अल्छी भई अध्ययन गर्न छाड्ने छन् र त्यसले स्कुलले शैक्षिक गुणस्तर अझ कमजोर हुन्छ भनि दावी समेत गरेका छन् । तथापी स्कुलले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरेका यस्ता प्रयासवाट विद्यार्थीहरु त्यसमा पनि म जस्ता दृष्टिविहिनका लागि सहज वनेको थियो म निवेदक अध्ययनरत वोधी पब्लिक स्कुलले शैक्षिक गुणस्तर वृद्धिका लागि गरेको यस्तो प्रयासले विद्यार्थीहरुमा सकारात्मक असर पारेको अवस्थामा स्कुल नजिकका स्टेशनरी पसलहरुमा BPS को अनलाईन पाठ्य सामाग्री विकी गर्ने कार्यवाट पाठ्यसामाग्रीका लेखकहरुलाई उचित पारिश्रमिक विना अनलाइन पाठ्यसामाग्रीहरु प्रयोग गरी विद्युतिय माध्यमवाट शिक्षकले तयार गरेको नोट विकी वितरण गरेको भनि कतिपय शिक्षकहरुद्वारा अफवाह फैलाएकाले पाठ्यपुस्तकका केही लेखकहरुले BPS को कार्यवाट आफ्नो प्रतिलिपी अधिकार ऐन २०५९ को दफा ७ ले दिएको अधिकार माथि आघात पुग्न गरेको भनि सो सम्वन्धमा दावी लिई अदालत जानेभनि मिती २०८० वैशाख १५ गते BPS लाई पत्र दिइएकोले BPS ले सो पत्र प्राप्त भए पश्चात पाठ्यपुस्तक तथा पाठ्य सामाग्रीहरुलाई डिजीटाईज गर्ने कार्य र म जस्ता विद्यार्थीहरुलाई पाठ्यसामाग्री आनलाईन उपलब्ध गराउन वन्द गरेको छ। केही शिक्षक तथा पाठ्यपुस्तकका लेखकहरुले स्कुल उपर प्रतिलिपी अधिकार ऐन २०५९ वमोजिम अदालतमा मुद्दा दायर गर्ने भनि दिएको पत्रका कारणले BPS ले शैक्षिक गुणस्तरमा सुधार ल्याउन आफ्ना विद्यार्थीहरुलाई विद्युतिय माध्यमवाट पाठ्यसामाग्री उपलब्ध गराउन वन्द गर्नु परेको सम्वन्धमा नेपाल अपाङ्ग महिला संघ र कोशिश लगायत सर्लाही जिल्लाका वासिन्दा तथा नागरिक समाजवाट विरोध हुनुका साथै BPS र जिल्ला भित्रका अरु सार्वजनिक विद्यालयहरु विरुद्ध आन्दोलन समेत गरिए ।

यि आन्दोलनहरुमा "समान र समावेशी शिक्षा हाम्रो आवश्यकता", "दृष्टिविहिनहरुको प्रतिलिपी अधिकार खै ?" "अनिवार्य लाईसेसिँग हाम्रो माग","विशेष, पहुचयुक्त र गुणस्तरीय शिक्षा हाम्रो अधिकार", "मराकेश सन्धि अनुमोदन गर सरकार" आदि जस्ता नारा तथा मागहरु राखि जिल्लाका विभिन्न स्थानमा जनप्रदर्शन समेत गरिए। यसै कममा सम्वन्धित स्थानिय सरकारका प्रतिनिधी माधव अर्याल सँग राष्ट्रिय समाचार प्रशारण टि.भि.च्यानल नेपाल न्यूज प्लसले लिएको अन्तरवार्तामा निजले अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक आवश्यकता वारे भनेका थिए "हामीले अपाङ्गता भएका व्यक्तिहरुलाई मुल प्रवाहमा ल्याउन भनि सरकारी तथा निजी शैक्षिक संस्थाहरुमा कोटा लगायत अन्य सुविधाहरु दिने प्रयास गरिनै रहेका छौ । तर यस्ता सडक प्रदर्शनहरुवाट समस्याको समाधान हुँदैन यस्ता विशेष सुविधाहरुको विस्तारका लागि धेरै लगानी र शीप परिचालन गरिनु आवश्यक हुन्छ । यति महंगा प्राविधिक पुर्वाधारहरु कतिजनालाई पुऱ्याउन सकिन्छ र"? यस भनाईवाट म निवेदक र म जस्ता धेरै दृष्टिविहिनहरुको गुणस्तरीय शिक्षा पाउने अधिकारको उपेक्षा तथा हामी माथि अपमान गरिएको छ ।

नेपाल सरकारको दृष्टिविहिन व्यक्तिको पढ्न पाउने अधिकार प्रतिको प्रतिवद्धता वारेमा छलफल गर्नका लागि नेपाल नेत्र विहिन संघ (Nepal Association of the Blind-NAB) ले आफ्नो सर्लाही स्थित कार्यालयवाट संघिय सरकारका माननीय मन्त्रीज्यूहरु, अन्तराष्ट्रिय र राष्ट्रिय संघ संस्थाका प्रतिनिधिहरुलाई अतिथी आमन्त्रण गरि २०८१ वैशाख २९ गते एक कार्यक्रम समेत आयोजना गरिएको र सो कार्यक्रममा नेपाल नेत्रहिन संघका प्रतिनिधीहरुले नेपालले मराकेश सन्धिअनुमोदन गरी दृष्टिविहिन व्यक्तिहरुको प्रतिलीपी अपधकार सुनिश्चीत गर्नका लागि चलिरहेको छलफललाई मुर्तरुप

दिनुपर्ने कुरालाई जोड दिए । त्यसैगरी Electronic Information for Libraries (EIFL) ले पनि Nepal Library and Information Consortium (NeLIC) सँग ई.सं. २०१५ देखि गरेको छापासँग सम्बन्धित अपाङ्गता तथा सम्वन्धित प्रतिलिपी अधिकार सम्वन्धि आफ्नो काम माथि प्रकाश पार्दै दृष्टिविहिन वालवालिकाको गुणस्तरीय तथा समावेशी शिक्षामा पहुच नभएका कारणले दृष्टिविहिनहरुको रोजगारी तथा आर्थिक स्वतन्त्रता विषयमा गहिरो चिन्ता व्यक्त गऱ्यो । दृष्टिविहिनहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक उन्नतीका लागि नयाँ ऐन निर्माण गर्न तिव्र रुपमा छलफल भईरहेको र विश्व वौद्धिक सम्पत्ति संगठन सँग पनि दृष्टि विहिनहरुका लागि विद्युतिय पाठ्यसामाग्री तयार गर्न प्रतिलिपी अधिकार सम्वन्धि स्थायी समिती सँग छलफल जारी रहेको भनि नेपाल सरकारका प्रतिनिधीहरुले NAB द्वारा आयोजित सो गोष्ठीमा जानकारी गराएका छन् ।

मेरो पठनपाठनका सम्बन्धमा नेपाल अपाङ्ग महिला संघ र कोशिश ले २०८१ जेठ १५ गते आफ्नो वेवसाइटमा मेरी आमा र म निवेदकको जीवनीमा आधारित एक रील तयार गरी सार्वजनिक गरेको थियो । सो रील नेपाल अपाङ्ग महिला संघ र कोशिश को इण्स्ट्राग्राम र फेसबुकमा समेत पोष्ट गरेको थियो । यस रीलमा मैले भनेकी थिएँ "मलाई पढ्न मन छ, तर मैले सायद पढ्न सक्दीन र पाउदिन पनि । म सानी हुँदा मलाई गणित र विज्ञान विषय साह्रै मन पर्दथ्यो र लाग्दथ्यो कि म इन्जीनियर वन्छु । तर मलाई त १० कक्षा पनि पास गर्न गाह्रो होला जस्तो छ । आमाले मलाई यति दु:ख गरेर पढाई रहनु भएको छ, मेरा लागि यति धेरै सपना देख्नु भयो, तर हामी जस्तो मानिसले ठुलो सपना देख्नु हुदैंन रहेछ"। सो रीललाई देशभरिका लाखौं नेपालीले लाइक तथा शेयर समेत गरेका छन् ।

यसरी उपरोक्त तथ्यका आधारमा म निवेदक र म जस्ता सम्पूर्ण दृष्टिविहिनहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्नवाट वंचित भै दृष्टिविहिनहरुको संविधान प्रदत्त मौलिक हक अधिकार माथि आघात पुगेको र त्यसको असर शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जन गर्न पाउने लगायत तमाम हक अधिकारमाथि असर पर्नुका साथै सम्मानपुर्ण जिवन यापन गर्नवाट समेत वंचित हुनुपर्ने अवस्था प्रष्टरुपमा देखिदा दृष्टी विहिनहरुको नेपालको संविधानद्वारा प्रदत्त शिक्षा सम्वन्धिको अधिकार, निशुल्क तथा अनिवार्य शिक्षा सम्वन्धि ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४मा दृष्टि विहिनहरुको हक अधिकारका सम्वन्धमा प्रष्ट रुपमा व्यवस्था गर्नु र मराकेश सन्धिलाई अनुमोदन गर्नु भनि नेपाल सरकार मंत्रिपरिषद् तथा प्रधानमंत्रीको कार्यालय, कानुन, न्याय तथा संसदीय व्यवस्था मंत्रालय, संघिय संसद (प्रतिनिधी सभा र राष्ट्रिय सभा) का नाममा उचित तथा आवश्यक आदेश जारी पाउँ भनि नेपालको संविधानको धारा १३३ वमोजिम निवेदक आरती चौधरीले मिती २०८१।२।३१मा सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन ।

( नोटः प्रस्तुत विषयमा नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय महासन्धि (ICESCR 1966) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि महासन्धि ( CRPD 2008) वाल अधिकार सम्वन्धि महासन्धि (CRC 1990), बर्न सम्झौता(Berne Convention 1886), बौद्धिक सम्पत्ति सम्वन्धि व्यापार सम्झौता(Trade Related Aspects of Intellectual Property Rights-TRIPS 1995) र विश्व वौद्धिक सम्पत्ति संगठन प्रतिलिपी अधिकार सन्धि (WIPO Copyright Treaty) 1996 को पक्ष राष्ट्र समेत रहेको छ । )